# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## प्रदेश नं. २, नेपाल

## लागत साझेदारिमा विद्युतीय चुलो जडान गर्न निवेदन पेश गर्ने बारे सूचना

प्रकाशन मिति : २०७७/१२/३०

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र यस नगरपालिका बीच लालबन्दी नगरपालिकाको सबै वडाहरूमा लागत साझेदारिमा ५०० थान विद्युतिय (ईन्डक्सन चुलो) जडान गर्ने कार्य सम्बन्धी भएको सम्झौता अनुसार यस नगरपालिकाको सम्पूर्ण वडाहरूमा विद्युतीय चुलो जडान गर्न सेवाग्राही छनौट गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित सर्तहरू पुरा गरी चुलो जडान गर्न ईच्छुक नगरवासीहरूले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सर्त तथा पेश गर्नु पर्ने कागजातहरू :

१. कम्तीमा १५ एम्पियरको मिटर कनेक्सन भई चुलो जडान गर्न ईच्छुक रहेको निवेदन।

२. १ सेट ईन्डक्सन चुलोमा लाग्ने भाँडा किन्ने प्रतिवद्धता ।

३. पछिल्लो पटकको मिटर रिडिङ्ग विल र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

४. छनौट भए पश्चात लागत साझेदारि बापतको रकम तिर्ने प्रतिवद्धता ।

पुनश्च : निवेदन संकलन भए पश्चात माग बढी भएको अवस्थामा प्राविधिक तवरले उचित देखिएको क्षेत्रहरूमा तथा दलित, जनजाति तथा लक्षित वर्गहरूलाई प्राथमिकता दिई छनौट गरिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत